Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# मिडिया कभरेजमा दोस्रो सल्लाहकार सभा

**डा. जगत नेपाल**
उप-प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं
इमेल : jagatnepal@gmail.com
Doi: https://doi.org/10.3126/hisan.v10i1.74835

## सार

*प्रस्तुत अध्ययन नेपालमा वि.सं.२००७ सालको क्रान्तिपछि भएको संसदीय अभ्यास राणा शासनको अन्त्य गरी संविधानसभा निर्वाचन मार्फत मुलुकको शासकीय स्वरुपको मार्गचित्र तय गरेको र संविधानसभाको चुनाव नहुँदासम्म व्यवस्थापिकाको काम गर्न एक सदनात्मक सल्लाहकार सभाको गठन गरिएको विषय त्यसका कार्यमा केन्द्रीत रहेका छन् । पहिलो सल्लाहकार सभा वि.सं. २००८ सालमा गठन भयो । छोटो अवधिमै बिघटन पनि भयो । वि.सं.२०११ सालमा गठन भएको दोस्रो सल्लाहकार सभाले बेलायती संसद (वेष्ट मिनिष्टर) को अभ्यास आरम्भ गरेको पाइन्छ । नेपालमा संसदीय अभ्यास र परम्पराको जग बसाउन दोस्रो सल्लाहकार सभाको अभ्यासले ठूलो योगदान छ । यो सभामा मुलुकका जल्दा वल्दा समस्याका विषयमा गर्मागर्म वहस भएको, विधेयकहरु प्रस्तुत भै पारित भएको, सरकारका काम कारवाही माथि प्रयाप्त छलफल, वहस भएको, अनौपचारिक रुपमा सत्ता र प्रतिपक्षको अभ्यास गरिएको पाइन्छ । राजा त्रिभुवनले नेपालमा प्रजातान्त्रिक शासन प्रणालीलाई सवल बनाउदै जान खोजे पनि उनका उत्तराधिकारी महेन्द्रले दरवारलाई बलियो बनाउने रणनीति अवलम्बन गर्न खोज्दा त्यसको प्रत्यक्ष प्रभाव सल्लाहकार सभामा परेको देखिन्छ । महेन्द्र राजा भएपछिका दिनमा राजनीतिक दलको आन्तरिक मामिलामा दरवारले अधिक चासो दिन थालेको, दलहरु नेताहरुलाई जुधाउने, फुटाउने र जनताका अधिकार खोसेर दरवारलाई बलियो बनाउने क्रम बढेको देखिन्छ । यो अध्ययन वि.सं.२०११ देखि २०१२ जेठ २७ सम्म नेपालमा भएको संसदीय अभ्यास र त्यस बारे भएको मिडिया कभरेजमा केन्द्रीत रहेको छ ।*

***शव्दकुञ्जी :*** संसद, पहिलो जननिर्वाचित सरकार, प्रजातन्त्र, राजतन्त्र, प्रेस स्वतन्त्रता

## परिचय

राणाहरुको १०४ वर्षे निरंकुश शासन व्यवस्था वि.सं.२००७ सालको शसस्त्र क्रान्तिबाट पतन भएपछि राजा त्रिभुवनले संविधानसभा निर्वाचन मार्फत बन्ने संविधानका आधारमा मुलुकलाई अघि बढाउने मार्गचित्र बन्यो । दुई वर्ष अर्थात वि.सं.२००९ भित्र निर्वाचन गर्ने प्रयोजनका लागि वि.सं.२००७ साल फागुन ७ गते राजाले अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर राणाकै अध्यक्षतामा नेपाली कांग्रेस समेत सम्मिलत अन्तरिम सरकार गठन गरे । अनी निर्वाचन मार्फत संविधानसभा गठन हुनु अघि विधायिकाको काम गर्न अन्तरिम शासन विधानको धारा ३३ को उपधारा (२) बमोजिम सल्लाहकार सभा गठन गरियो (नेपाल अन्तरीम शासन विधान २००७, नेपाल कानून आयोग, सन् २०१८ : १३-२२) । सभालाई सर्वाजनीक महत्व र जनसरोकारका विषयमा छलफल वहस गर्ने, कानून बनाएर स्वीकृतिका लागि राजा समक्ष सिफारिस गर्ने, वजेट माथि छलफल गर्ने, मत दिने, सरकारलाई सल्लाह सुझाव दिने अधिकार थियो ।

राजा त्रिभुवनले प्रधानमन्त्रीसंग सल्लाह नै नगरी वि.सं.२००८ साल असोज १६ गते ३५ सदस्यीय सल्लाहकार सभा गठन गरे (गोरखापत्र, २००८ : १-४) । त्यो सभामा नेपाली कांग्रेसको बहुमत थियो । सरकारको जानकारी बेगर सभा गठन गरिएकोमा प्रधानमन्त्री मोहनशमशेर जबराले असन्तोष प्रकट गरेका थिए । राजाले रेडियो नेपाल मार्फत् सल्लाहकार सभामा रहने सांसदहरुको नामावली बाचन गरेपछि मात्र प्रधानमन्त्री राणाले जानकारी पाएका थिए (देवकोटा, २०१६ : १०६) । राणा कांग्रेसबीचको चरम अविश्वास रहेका कारण संयुक्त सरकार सात महिनामै पतन भयो । अनी वि.सं.२००८ साल मंसिर १ गते नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बने । वि.सं.२००९ साल असार १६ गते पहिलो सल्लाहकार सभाको पहिलो बैठक भयो । तर सरकारले विजनेश दिन नसकेका कारण प्रधानमन्त्रीको सिफारिसमा एक महिनाका लागि सदन स्थगित गरियो । यसबीच नेपाली कांग्रेसको आन्तरिक किचलो का कारण वि.सं.२००९ साल श्रावण २६ गते प्रधानमन्त्री कोइरालाले राजिनामा गरे र राजाले वि.सं.२००९ साल श्रावण ३० गते केशरशमशेरको संयोजकत्वमा पाँच सदस्यीय परामर्शदातृ समिति गठन गरे ।

नयाँ राजनीतिक परिस्थितीमा सल्लाहकार सभाको बैठक हुन सकेन (नेपाल गजेट, २००९ असोज २१) । बस्नेत (२०६६) का अनुसार- समितिले सभा बस्ने अवस्था नभएको र जनचाहनाको कदर गर्दै मुलुकको विकासलाई प्राथमिकता दिनु पर्ने अवस्था रहेकाले विघटनका लागि राजामा सिफारिस गरेको थियो (पृ.४३८) । त्यसैलाई आधार मानेर राजाले वि.सं.२००९ साल भदौ १९ गते पहिलो सल्लाहकार सभा खारेजीको घोषणा गरे (गोरखापत्र, २००९ भदौं ३१) । पहिलो सल्लाहकार सभाले नेपालमा संसदीय अभ्यासको जग बसाउने कामको थालनी गऱ्यो । यसबीच राजाले नेपाली कांग्रेसबाट अलग भएर राष्ट्रिय प्रजा पार्टी गठन गरेका मातृकाप्रसाद कोइरालालाई प्रधानमन्त्री नियुक्त गरेर सरकारको सिफारिसमा वि.सं.२०११ सालमा दोस्रो सल्लाहकार सभा गठन गरियो । प्रस्तुत अध्ययनको उद्देश्य दोस्रो सल्लाहकार सभामा मिडियाको कभरेजका विषयमा खोजगर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । दोस्रो सल्लाहकार सभाको गठन, त्यसले गरेका काम र मिडिया कभरेजका बारे खोजी गर्ने क्रममा द्वितीय स्रोतहरुको उपयोग गरिएको छ । त्यसैगरी त्यति बेलाका पत्रपत्रिकामा प्रकाशित समाग्रीको अध्ययन गरिएएको छ । प्राप्त तथ्याङकलाई वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी तयार पारिएको छ ।

## दोस्रो सल्लाहकार सभाको गठन

नेपालमा वि.सं.२००८ सालमा गठन भएको पहिलो सल्लाहकार सभाले लामो समय काम गर्न पाएन । वि.सं.२००७ सालको क्रान्ति पछि मौलाएको राजनीतिक संक्रमणकालका कारण छोटो अवधिका लागि सरकार वन्ने र विघटन हुने क्रम चलि रह्यो । राणा कांग्रेस संयुक्त सरकारका पालमा बनेको पहिलो सल्लाहकार सभा त्यसपछिका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले राजिनामा गरेपछि विघटन भयो । यसबीच राजाले प्रत्यक्ष शासन चलाए र नेपाली कांग्रेसबाट अलग भई राष्ट्रिय प्रजा पार्टी गठन गरेका मातृकाप्रसाद कोइरालालाई नै राजा त्रिभुवनले प्रधानमन्त्रीको जिम्मेवारी दिए साथै नयाँ सरकार बनेको नौ महिना पछि वि.सं.२०११ वैशाख १ गते शाही घोषणा मार्फत १०६ सदस्यीय सल्लाहकार सभा गठन गरे । प्रधानमन्त्री र मन्त्रीहरु सभाका पदेन सदस्य रहने व्यवस्था थियो । बस्नेत (२०६६) लेख्छन्-पहिलो

सल्लाहकार सभामा कुनै पनि सदस्यलाई भौगोलिक आधारमा चयन गरिएको थिएन । दोस्रो सल्लाहकार सभामा भने सबै जिल्लाको प्रतिनिधित्व हुने गरी सदस्यहरु मनोनीत गरिए । पहिलो पटक १० जना महिला मानोनीत भए । व्यापारी, किसान, मजदुर, उपेक्षित वर्ग र राजनीतिक बुद्धिजीवी मध्येबाट केही व्यक्ति समावेश गरिएका थिए (पृ.४८५) । सभामा प्रधानमन्त्री कोइरालाको नेपाल प्रजा पार्टीलाई सर्वाधिक ४५ सिट दिइएको थियो भने सरकारमा सहभागी अन्य दलबाट बहुसंख्यक सदस्य परेका थिए । नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिवन्ध लागेका कारण वामपन्थीहरुको प्रतिनिधित्व थिएन भने नेपाली कांग्रेसका ११ जना मनोनीतमा परेका थिए (गौतम, २०६६ : २२५) । सल्लाहकार सभालाई चुनाव हुन नदिने षड्यन्त्रको उपज हो भन्दै नेपाली कांग्रेसले बहिस्कार गऱ्यो । सभालाई वैदेशी राष्ट्रहरुसंगको सम्बन्ध, राजा र राजपरिवारका सदस्यहरुको आचरण, साधारण जनजीवनलाई प्रष्ट पार्न नहुने सरकारी गोप्य कुराहरु र मन्त्रीमण्डल र यसका कुनै मन्त्री माथि अविश्वास प्रस्ताव राख्ने बाहेकका बिषयमा स्वतन्त्र रुपले विचार राख्ने र छलफल गर्न पाउने अधिकार दिइएको थियो ।

## दोस्रो सल्लाहकार सभाको पहिलो बैठक

दोस्रो सल्लाहकार सभाको पहिलो बैठक वि.सं.२०११ साल जेठ १५ गते विहान ११.४५ वजे ग्यालरी बैठक सिंहदरवारमा बोलाइएको थियो । अध्यक्षको निर्वाचन नहुञ्जेल बैठकको अध्यक्षता गर्ने जिम्मेवारी पाएका जेष्ठ सदस्य शीवप्रताप शाहले सबै भन्दा पहिला प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र मन्त्रीहरुलाई सपथ गराएका थिए । त्यसपछि लगत्तै सभाका ६१ ज्ना सदस्यहरुले सपथ लिएका थिए (गोरखापत्र, २०११ जेठ १८ : १) । बैठकमा राष्ट्रिय प्रजा पार्टी, नेपाल प्रजा परिषद्, नेपाली राष्ट्रिय कांग्रेस, नेपाल जन कांग्रेस, राष्ट्रवादी गोरखा परिषद् र नेपाल तराई कांग्रेसले भाग लिएका थिए भने नेपाली कांग्रेसले बहिस्कार गरेको थियो (शर्मा, २०१६ : ५४) । ग्यालरी बैठकमा सभाको उद्घाटन भैरहेदा सिंहदरवारको मुख्यद्धार अघि नेपाली कांग्रेसका नेता कार्यकर्ताहरु जुलुस सहित सल्लाहकार सभा विघटन गर, आम चुनाव तुरुन्त गर आदी नारा लगाउदै थिए (नेपाल पुकार, २०११ जेठ २४ : १) । नेपाली कांग्रेस मात्र होइन, सत्तारुढ दल भित्रै पनि सभा गठनको बिषयमा व्यापक असन्तुष्टि देखियो । राजाले वि.सं.२०११ वैशाख २९ गते सल्लाहकार सभामा ८ जना नयाँ सदस्य थप गरे (गोरखापत्र, २०११ वैशाख ३० : १) मन्त्रीपरिषद्का ७ पदेन सदस्य सहित सल्लाहकार सभाको कुल संख्या १२१ पुग्यो । दोस्रो पटकको मनोनय पनि आफ्नो पार्टीलाई उपेक्षा गरिएको भन्दै मन्त्री डा. डिल्लीरमण रेग्मीको नेपाली राष्ट्रिय कांग्रेसले पनि सभा वहिस्कार गरे (बस्नेत, २०६६ :. ४८७) ।

## अध्यक्षको निर्वाचन

दोस्रो सल्लाहकार सभाको अध्यक्षमा सत्तारुढ राष्ट्रिय प्रजा पार्टीका महामन्त्री बालचन्द्र शर्मा सर्वसम्मत चयन भए । वि.सं.२०११ जेठ १९ गते दिउँसो भएको बैठकमा अध्यक्षका लागि सत्तारुढ राष्ट्रिय प्रजा पार्टीका महामन्त्री बालचन्द्र शर्माको एक मात्र मनोनयन परेकाले उनी निर्विरोध निर्वाचित भएको घोषणा गरियो । लगत्तै बैठकको अध्यक्षता गरिरहेका सदस्य शीवप्रताप शाहले नव निर्वाचित अध्यक्ष शर्मालाई वधाई दिदै आसन ग्रहणका लागि आग्रह गरे (गोरखापत्र, २०११ जेठ २० : १) । २०११ असार २ गतेका दिन उपाध्यक्ष पदका लागि गुलाव नारायण झा, तनुजा शर्मा, कमल शाह र सुमित्रा सिन्हा चार बीच प्रतिश्पर्धा भयो । मतदानबाट हुदा झा विजयी भए (शर्मा, २०१६ : ५६) । त्यही दिन भएको चुनावमा

अध्यक्ष र उपाध्यक्षको अनुपस्थितीमा बैठक सञ्चालन गर्नका लागि माधुरी शाह, कुलचन्द्र कोइराला, कृष्णमोहन अधिकारी, नरेन्द्रकुमार प्रधान र डा.झमन राम 'अध्यक्ष मण्डल' मा चुनिए । नेपालको संसदीय इतिहासमा पहिलो पटक अध्यक्ष मण्डलमा महिलाबाट माधुरी शाह र दलितबाट डा.झमन राम चुनिएका थिए ।

## नीति तथा कार्यक्रम

सल्लाहकार सभामा वि.सं.२०११ जेठ २५ गते । शाही संवोधन मार्फत सरकारको नीति तथा कार्यक्रम पेश भयो । राजा त्रिभुवन अस्वस्थ्य भएका कारण युवराजधिराज महेन्द्रले संवोधन वाचन वाचन गरेका थिए (गोरखापत्र, २०११ जेठ २७ : १) शाही संवोधनमा सरकारको गृह, शिक्षा, स्वास्थ्य, स्वायत्त शासन, यातायात, रक्षा तथा वैदेशीक नीति उल्लेख गरिएको थियो (बस्नेत, २०६६ : ४८९) । २०११ असाढ २ गते दिउँसो २.१५ मा शुरु भएको बैठकमा शाही संवोधन माथि उठेका बारे मन्त्रीहरुले जवाफ दिएका थिए । त्यसपछि प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सदस्यहरुका प्रश्नको दुई घण्टा लामो जवाफ दिएका थिए । शाही संवोधनका निम्ति सरकारकातर्फबाट प्रस्तुत धन्यवाद प्रस्ताव भएर राति ८ बने बैठक सकिएको थियो (गोरखापत्र, २०११ असार ४ : १) ।

## संसदीय अभ्यासको थालनी

संसदीय लोकतान्त्रिकमा व्यवस्थापिकाले कानून निर्माण गर्ने, सरकारको गठन र नियन्त्रण गर्ने, वजेट पारित गर्ने र करका दायरा निर्धारण गर्ने, जनताका मुद्धा माथि छलफल र वहस चलाउने भूमिका निर्वाह गर्छ । दोस्रो सल्लाहकार सभाले नेपालमा संसदीय अभ्यास र परम्परा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्यायो । गुरुङ (२०७८) का अनुसार-

> यो सभाका दुई अधिवेशन भए । पहिलोमा शाही संवोधन मार्फत सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो र २०११ भाद्र १ गते समापन भयो । दोस्रो अधिवेशनमा सरकारी र गैर सरकारी विधेयक पेश भए । सरकारीमा जग्गा प्राप्त गर्ने ऐन र गैर सरकारीमा नेपाल विवाह बिल २०११ प्रस्तुत भएको पाइन्छ । (पृ.४०-४१)

निरंकुश शासन व्यवस्थाको अन्त्य भै भर्खरै प्रजातन्त्र स्थापना भएको, जनतामा शिक्षा र राजनीतिक चेतनाको अभाव रहेको त्यस युगमा संसदको महत्व बुझाउन दोस्रो सल्लाहकार सभामाले महत्वपूर्ण योगदान पुऱ्यायो । दोस्रो सल्लाहकार सभाका सदस्य शर्मा (२०१६) लेख्छन् -

> प्रस्ताव र विधेयक सभाका कसरी प्रस्तुत गरिन्छ, ऐन कसरी बन्दछ, सदस्यले सरकार सित कसरी प्रश्न गर्दछ, यसरी गरेका प्रश्नको सरकारले कसरी उत्तर दिनु पर्छ, संसदीय कमिटीहरु र पुरा सदनको कमिटी कसरी बन्छन्, समस्या माथि कसरी बहस गरिन्छ, कुनै काम गराउन सरकार उपर सदस्यहरुले कसरी दवाव पार्न सक्छन्, बजेट कसरी पेश हुन्छ, सभाबाट पास नभै सरकारले कसरी एक दाम पनि खर्च गर्न नपाउने रहेछ, सांसदहरुलाई वाक स्वतन्त्रता कत्तिको प्राप्त हुने रहेछ, संसद भित्र सदस्यलाई सरकारले कसरी गिरफ्तार गर्न नसक्ने रहेछ, संसद प्रति सरकार कसरी र कत्तिको जवाफदेही हुँदो रहेछ, एकतन्त्री शासनमा तँ र तिमी बाहेक अरु संवोधन नगर्ने गरेको

> ठाउँमा प्रधानमन्त्री र मन्त्रीहरुले जनताका प्रतिनिधि सदस्य र अध्यक्षलाई कसरी आदरसाथ संवोधन गर्नु पर्दोरहेछ, जनताको अधिकार कतिसम्म हुदो रहेछ आदि, आदि कुराहरु सभाको कामकारवाहीबाट नेपाली जनताले देख्न पाए । (पृ. ५८)

देश र जनताका मुद्धामा छलफल गर्ने, प्रधानमन्त्री र मन्त्रीहरुलाई जनचासोका बिषयमा प्रश्न गर्ने र उत्तर माग्ने, सरकारी तथा गैर सरकारी विधेय पेश गर्ने, पेश भएका विधेयक माथि छलफल गर्ने, भए । तिन माथिको छलफल अभ्यास भए । वि.सं.२०११ असार २३ गते सल्लाहकार सभाका अध्यक्ष बालचन्द्र शर्माले प्रत्येक बुधवारका दिन गैरसरकारी विधेयक र प्रस्ताव पेश गर्ने र त्यस माथि छलफल गर्ने कार्यलाई प्राथमिकता दिने रुलिङ गरेका थिए (शर्मा, २०१६ : ३७३) । सदनका नेता प्रधानमन्त्री कोइरालाले संसदीय शिष्टाचार, भाषण कौसल र सांसदहरुका प्रश्नको जवाफ दिने शैलीको सभामा राम्रो परिचय दिएर संसदीय अभ्यासको जग बसाउन योगदान गरे । (पृ. ५६)

## दर्शकको व्यवस्था

सल्लाहकार सभाको काम कारवाही हेर्न चाहने दर्शकहरुका लागि प्रवेश पासको व्यवस्था गरिएको थियो । यसका लागि सचिवालयले दर्शक तथा विशिष्ट दर्शकहरुको प्रवेश सम्वन्धी नियमहरु लागु गरेको पाइन्छ । देशका प्रख्यात व्यक्तिहरु सार्वजनीक जीवनमा भाग लिने व्यक्तिहरु, सरकारका ठूला कर्मचारीहरु तथा सरकारका अतिथि भएर आएका विशिष्ट विदेशी यात्रीहरुका लागि विशिष्ट प्रवेश पत्रको व्यवस्था गरिएको थियो (शर्मा, २०१६ : २९५-२९६) सांसद सदस्यहरुले २४ घण्टा अघि माग गरेमा सचिवालयले एउटा साधारण पास उपलव्ध गराउने व्यवस्था थियो । दशर्कले सदन भित्र पुस्तक, पत्रपत्रिका पढ्न, छाता लट्ठी, ह्याण्ड व्याग लैजान पाइदैनथ्यो । सभा भवन भित्र कुनै प्रकारको प्रदर्शन, विरोध गरेमा हलबाट निकाल्ने प्रावधान राखिएको थियो भने सदनमा दश वर्ष भन्दा कमका वालवालिकाको प्रवेशमा रोक लगाइएको थियो (शर्मा, २०१६ : २९६-२९७) ।

## सांसद र प्रधानमन्त्रीबीच टकराव

आधुनिक लोकतन्त्रमा जनप्रतिनिधिहरुको सहभागिता विना सरकारले कर लगाउन र वजेट खर्च पाउदैन भन्ने सिद्धान्त छ । वि.सं.२०११ सालको श्रावण १ गते भित्र नयाँ चौमासिक वजेट स्वीकृत गर्नु अति आवश्यक भैसकेको थियो । श्रावण महिना भित्र सदनबाट बजेट पारित गराउन अनेकौं प्रयास गर्दा पनि सदस्यहरुको चर्को विरोधका कारण तत्काल सल्लाहकार सभामा पेश गर्न सक्ने अवस्था रहेन । अनी श्रावण ८ गतेको बैठकमा अर्थमन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले चार महिनाका लागि पेस्की बजेट प्रस्तुत गरे । सभामा प्रधानमन्त्री कोइरालाले भनेका थिए-आर्थिक वर्ष २०११-१२ को वजेट तयार हुन केही समय लाग्ने भएकाले श्रावणदेखि कात्तिकसम्म ४ महिनाको खर्चका लागि पेस्की वजेट पेश गरेको छु । यसलाई पारित गरि दिनु हुन म माननीय सदस्यहरुलाई आग्रह गर्दछु (गोरखापत्र, २०११ श्रावण ११ : १) । प्रधानमन्त्री कोइराला आफूले प्रस्तुत गरेको अनुमानित बजेट त्यही दिन यथासिघ्र पारित गर्न चाहन्थे तर रत्नप्रसाद खरेल लगायतका सदस्यहरुले अर्को बैठक देखि छलफल प्रारम्भ गरियोस् भनि राखेको प्रस्ताव बहुमतले पारित गरिदियो । त्यो घटनापछि प्रधानमन्त्रीले अध्यक्ष शर्मालाई आफूले सदनमा नेताको हैसियत गुमाएकाले सभा भवन छोड्ने जानकारी दिए । 'राष्ट्रवाणी' लेख्छ-

> अहिलेको सभामा जुन घटना भयो । त्यसले गर्दा म अब यो सभाको नेता रहिन । त्यसैले म यो सभा भवन त्यागेर जाने आज्ञाको लागि अनुरोध गर्दछु भन्ने लिखित अनुरोध अध्यक्षलाई दिएर प्रधानमन्त्री कोइराला ग्यालरी बैठकबाट वाहिरिए । सल्लाहकार सभा भित्र धेरै पटक प्रधानमन्त्रीको हार भयो । (राष्ट्रवाणी, २०११ माघ १४ : १)

सदनको काम कारवाहीबाट अपमानीत महसुस गरेका प्रधानमन्त्रीले ग्यालरी बैठकबाट वाहिरिने क्रममा भनेका थिए- सरकारले सदनको विश्वास गुमायो अब म पदबाट राजिनामा दिन्छु (नेपाल पुकार, २०११ श्रावण १० : १) । अनी राजिनामा खल्तिमा हालेर उनी सिधै दरवार पुगे । राजा त्रिभुवनले राजिनामा पत्र स्वीकार नगरेका कारण उनले तत्काल पद छोड्नु परेन ।

बस्नेत (२०६६) का अनुसार-त्यो घटनाले सांसद र प्रधानमन्त्रीबीचको सम्बन्ध झन तनावपूर्ण हुन गयो ( पृ. ४८९) । पूरक वजेटको विपक्षमा लामो छलफल र वहस पछि प्रधानमन्त्रीले जवाफ दिए र पेस्की वजेटको विपक्षमा खरेलले राखेको प्रस्ताव सभाबाट अस्वीकृत गऱ्यो र सरकारले चार महिनासम्म वजेट खर्च गर्ने र कर उठाउने अधिकार प्राप्त गऱ्यो (गोरखापत्र, २०११ श्रावण ११ : १) । बस्नेत (२०६६) लेख्छन्-शाही संवोधनका लागि राजा त्रिभुवन प्रति धन्यवाद ज्ञापन गर्ने प्रस्ताव समेत निर्धारित समयमा पारित हुन सकेन (पृ. ४८९) । सरकार र सांसदहरुका बीच बढ्दो तनाव र चिसोपनका कारण साउनसम्म चलेर दोस्रो सल्लाहकार सभाको पहिलो अधिवेशन भदौ १ गते देखि अन्त्य गरियो ।

## बाढीपीडित सहायता समिति

सल्लाहकार सभाको बैठक जारी रहदा देशभर वाढी पहिरोबाट ठूलो क्षति भयो । नेपाल पुकार (२०११ श्रावण २८) लेख्छ-अन्य वर्षहरुको तुलनामा यसपटक देशभर भयानक वर्ष भयो । पूर्व २ नम्बरमा ७२ घण्टासम्म लगातार भएको वर्षाले ठूलो क्षति पुऱ्याएको छ । बाढी पहिरोका कारण धेरै ठाउँमा खेतीयोग्ग जमीन पुरिएको र लगाइएको वाली नाली नष्ट भएका कारण अनिकाल हुने देखिएको छ (पृ. १) । प्राकृतिक विपत्तिमा १० हजार मानिस प्रभावित भए र डेढ करोड बरावरको क्षती पुग्यो । तीन जनाको मृत्यु भयो र २ हजार चौपाया बगे । त्यति बेला संसदको अधिवेशन चालु थियो । वि.सं.२०११ साउन श्रावण २० गते को बैठकमा सांसदहरु वेदानन्द झा, खड्गमान सिंह र त्रिपुवर सिंहले सदस्यीय वर्षा पीडितहरुका लागि १५ संसदीय सहायता समिति गठन गरियोस् भन्ने प्रस्ताव पेश गरे । लामो छलफल र वहस पछि त्यो संयुक्त प्रस्ताव संशोधन सहित पारित भयो र अध्यक्ष बालचन्द्र शर्माको नेतृत्वमा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला, रक्षा मन्त्री केशर शमशेर, यातायातमन्त्री भद्रकाली मिश्र, गृहमन्त्री टंकप्रसाद आचार्य र सभाका सदस्यहरु कुलचन्द्र कोइराला, डा. भूदेव राई, गुलाव नारायण झा, बेदानन्द झा, गयाप्रसाद शाह, पुस्करनाथ उप्रेती, कुँवर कल्लु सिंह, दानबहादुर श्रीवास्तव, विजय मल्ल र बासु पासा सदस्य रहेको १५ सदस्यीय उच्चस्तरिय समिति गठन भयो । साथै सभाले वर्षापीडितका लागि १० लाख सहायता गर्ने प्रस्ताव पनि पारित गऱ्यो (गोरखापत्र, २०११ श्रावण २२ : १) ।

यातायात र सञ्चार सुविधाको अभावमा वाढी प्रभावित क्षेत्रको तथ्याङक संकलन गर्ने तथा उद्दार र रातह वितरण गर्ने काम अत्यन्त चुनौतीपूर्ण थियो । समितिले ५ घण्टा १५ मिनेट हवाई निरिक्षण गरी पिडीत र क्षति अवस्था बुझ्ने काम गऱ्यो । समितिका सदस्यहरु घोडा, हात्ति र नाउँबाट प्रभावित

क्षेत्रसम्म पुगेका थिए । त्यति बेला मन्त्री भद्रकाली मिश्रले १६ घण्टा डुंगामा सवार भै बाढी प्रभावित क्षेत्रको अवस्था बारे जानकारी लिएका थिए । घोडा र हात्तिमा सवार भै प्रभावित क्षेत्रको निरिक्षण गर्ने क्रममा सल्लाहकार सभाका अध्यक्ष शर्मा कति पटक लडेर घाइते  भएका थिए । त्यही बर्ष वाढी, पहिरो, अनावृष्टिबाट पिडीतहरुको पहिचान गरी समस्या समाधान गर्ने उद्देश्यका साथ प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको प्रस्तावमा वि.सं.२०११ मंसिर १५ गते १७ सदस्यीय उच्च स्तरिय संसदीय समिति गठन भएको थियो । समितिलाई वाढी पीडितहरुलाई दिइने सहायताको पहिचान गरी सरकारमा सिफारिस गर्ने अधिकार दिइएको थियो । सो समितिमा सल्लाहकार सभाका अध्यक्ष बालचन्द्र शर्मा, प्रधानमन्त्री मातृकाप्रसाद कोइराला, मन्त्रीद्वय केसरसमसेर र भद्रकाली मिश्र, सल्लाहकार सभाका उपाध्यक्ष गुलाव नारायण झा, सल्लाहकार सभाका सदस्यहरु वेदानन्द झा, विश्वनाथ ठाकुर, कुलचन्द्र कोइराला, रामेश्वरप्रसाद अर्याल, राजेश्वर देवकोटा, रामहरि शर्मा, पुण्यप्रभादेवी, निस्तर राय, हंसराज, कृष्णबहादुर थापा, पदमबहादुर सिंह र भूदेव राई थिए ।

## दोस्रो अधिवेशन

वि.सं.२०११ साल मंसिर २ गतेदेखि ग्यालरी बैठकमा शुरु भएको दोस्रो सल्लाहकार सभाको दोस्रो अधिवेशन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाका लागि फलामको च्यूरा सरह भयो । मंसिर २ गते अपरान्ह २.१५ वजे राजकीय परिषद्का अध्यक्ष युवराजाधिराज महेन्द्रले अधिवेशनको उद्घाटन गरे र सरकारको नीति तथा कार्यक्रम बाचन गरेका थिए । जसमा सरकारबाट भएका र भविश्यमा गरिने शिक्षा, स्वास्थ्य, भूमिसुधार, वन, खानेपानी, सडक, सिचाई, रोपवे, सञ्चार, परराष्ट्र सम्वन्ध, निजामति कर्मचारी, सेना र प्रहरीका सम्वन्धमा उल्लेख गरिएको थियो (बस्नेत, २०६६ : ५१०) । सरकारको नीति तथा कार्यक्रममा संविधानभसा निर्वाचनको बिषय परेको थिएन । पहिलो दिन सभामा मन्त्री सहित सभाका ५६ सदस्य उपस्थित थिए (गोरखापत्र, २०११ मंसिर ४ : १) । नेपाली कांग्रेसका ११ र सत्तारुढ नेपाली राष्ट्रिय कांग्रेसका ८ गरी १९ सांसदले बैठक बहिस्कार गरेका थिए । सत्ता पक्षका सांसदको वाहुल्यता रहेको सभामा मंसिर २ देखि ६ गतेसम्म सरकारको नीति तथा कार्यक्रम माथि गर्मागर्म बहस चल्यो । सदन भित्र विपक्षको वीउ भन्नु नै गोर्खापरिषद्का एक मात्र सदस्य थिए । महाकवी लक्ष्मीप्रसाद देवकोटाको नेतृत्वमा वेदानन्द झा, पुण्यप्रभादेवी, चन्द्रकान्त तिवारी, कृष्णबहादुर थापा, शेरबहादुर शाही र रेवतीरमण उपाध्याय सहितलाई संगठित गरी प्रतिपक्षको मान्यताका लागि अध्यक्ष बालचन्द्र शर्मा समक्ष प्रस्ताव राखे पनि उनको समहुले मान्यता पाएको थिएन । यस सन्दर्भमा शर्मा (२०१६) लेख्छन् :

> महाकवी देवकोटाले आफ्नो अध्यक्षतामा ७-८ जनाको एउटा समुह बनाई त्यसलाई 'विरोधी जमात' को मान्यता दिन अध्यक्ष समक्ष प्रस्ताब पेश गरेका थिए । सामान्यतया विरोधी पार्टी मान्यता प्राप्त गर्न कुल सदस्य संख्याको ३० देखि ३५ प्रतिशत आवश्यक पर्छ । त्यसैले ९९ सदस्यीय सभामा ७-८ जनाको कुनै विशेष शक्ति र प्रभाव थिएन । हुनत पहिलो सभामा अध्यक्ष कृष्णप्रसाद भट्टराईले ऋषिकेश शाहको नेतृत्वमा ५-७ जनाको समुहलाई 'संसदीय विरोधी जमात' को मान्यता दिएका थिए । यस अर्थमा सदस्य संख्याको दश प्रतिशत भए विरोधी जमात भन्न सुहाउछ । तर कुनै समुहलाई त्यो मान्यता दिने नदिने भन्ने बिषय अध्यक्षको क्षेत्राधिकार र विशेषाधिकार भित्र पर्ने कुरा हो । अध्यक्ष शर्माले देवकोटाको समुहलाई प्रतिपक्षीको मान्यता दिएनन् ।

विपक्षीको काम, कर्तव्य र अधिकार बारे सदन र सांसदहरुलाई केही ज्ञान होस् भनेर अध्यक्षले यदाकदा देवकोटा पक्षधर सदस्यहरुलाई 'विरोधीहरु' भनेर संवोधन भने गर्ने गरेका थिए । (पृ. ९९)

देवकोटाको समुहका अतिरिक्त तराई कांग्रेसका वेदानन्द झा, राष्ट्रवादी गोरखा परिषद्का मृगेन्द्रशमशेर जवरा, र व्यापारीवर्गका कृष्णगोपाल टण्डन आदी केही सदस्य पनि सरकारी नीतिको तिव्र आलोचक थिए । प्रधानमन्त्रीकै दल राष्ट्रिय प्रजा पार्टी र अन्य सत्तारुढ दलका कतिपय  सदस्य समेत सरकारको नीतिका विरोधी थिए । संविधानसभाको चुनाव गराउने सन्दर्भमा सरकार मौन रहेको, शान्ति सुरक्षा र सुशासन कायम गर्न नसकेको, महंगी, अनियमितता, भ्रष्टाचार, बेरोजगारी समस्याको हल गर्न नसकेको भन्दै सरकारको व्यापक आलोचना मात्र भएन नीति तथा कार्यक्रम माथि १३४ वटा संशोधन पेश भए (बस्नेत, २०६६ : ५१०) । मंसिर २ गते सदनमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि चर्को आलोचना भएपनि मंसिर ९ गते शाही संबोधनका लागि युवराजलाई धन्यवादको प्रस्ताव पारित गऱ्यो । आफ्नै सरकारको नीति प्रति सत्ता पक्षका सांसदहरु नै कडा आलोचक बन्दै गएका कारण मातृकाप्रसाद कोइराला नेतृत्वको सरकारले सदनको विश्वास गुमाउदै गएको थियो ।

## सरकार असफल र प्रधानमन्त्रीको राजिनामा

अर्थ मन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले वि.सं.२०११ साल माघ १० गते सल्लाहकार सभामा आर्थिक वर्ष २०११-०१२ को बजेट प्रस्तुत गरे । जमिन माथि अतिरित्त कर लगाउने लगायतक केही प्रावधानको बिषयलाई लिएर सदनमा तिव्र आलोचना भयो । बजेटको चर्को विरोध गर्नेहरुमा प्रधानमन्त्रीकै दलका सदस्यहरु पनि थिए । सदनमा व्यापक विरोध र आलोचना भएपछि सरकार कर थप गर्ने थुप्रै प्रस्तावबाट पछि हट्न बाध्य भयो (बस्नेत, २०६६ : ५११) । सरकारको काम कारवाहीलाई लिएर सल्लाहकार सभामा चर्को विरोध भइरहदा गृहमन्त्री टंकप्रसाद आचार्यले देशमा शान्ति सुव्यवस्था कायम गर्न मजिष्ट्रेट र वडाहाकिमहरुको अधिकार बढाउने बिषयमा प्रस्तुत गरेको विधेयक सभाको बहुमतबाट अस्वीकृत भयो (गौतम, २०६६ : २२७) । त्यसको केही दिनपछि पत्रकारहरुले सोधेको प्रश्नमा प्रधानमन्त्री कोइरालाले सभाका सदस्यहरुमा संसदीय कार्यविधि र ज्ञानको अभाव भएका कारण सत्तारुढ दलकै सदस्यहरुले सरकारी प्रस्ताव असफल बनाएको प्रतिकृया दिए । उनको त्यो अभिव्यक्ति प्रति आपत्ति जनाउदै ४३ सांसदले संयुक्त वक्तव्य जारी गरे । जसमा प्रधानमन्त्रीको आफ्नै दल राष्ट्रिय प्रजा पार्टीका १४ सहित सत्तारुढ पक्षका १८ सांसद थिए । जोशी र रोज (सन् २००४) का अनुसार -ती सांसदहरुले आफ्नो प्रधानमन्त्रीको अभिव्यक्तिलाई अमर्यादित र असंसदीयको संज्ञा दिदै फिर्ता गर्न माग गरेका थिए (पृ. ११८) ।

त्यसैगरी २०११ साल माघ १७ गते परराष्ट्रमन्त्री डा.डिल्लीरमण रेग्मीले परराष्ट्र मन्त्रालयको आर्थिक सहयोग सम्वन्धी प्रस्ताव पेश गरेका थिए । त्यस बिषयलाई लिएर सदनमा व्यापक विरोध र आलोचना मात्र भएन सात वटा संशोधन प्रस्ताव दर्ता भए । तीमध्ये पाँचवटा फिर्ता भए तर नेपाल प्रजापरिषद्का सदस्य रत्नप्रसाद खरेलले दर्ता गरेका दुई प्रस्ताव फिर्ता लिन नमानेपछि मतदानको प्रकृयामा लगियो । वि.सं.२०११ माघ १७ गतेको कुरा हो । परराष्ट्रमन्त्रीले आर्थिक वर्ष २०११-०१२ मो.रु.५३०० तथा भा.रु. १२८०००० को अनुदान स्वीकार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । बैठकमा सांसद खरेलले परराष्ट्र

शीर्षकमा बढी खर्च भई अनावश्यक भएकाले भा.रु. १ मात्र बाँकी राखि अरु जम्मै घटाइयोस् भन्ने संशोधन प्रस्ताव राखेका थिए । उक्त खर्च कटौतीको प्रस्तावमा मतविभाजन गर्दा संशोधन प्रस्तावको पक्षमा ४३ र विपक्षमा ३९ मत पऱ्यो (शर्मा, २०१६ : ३५१) । परराष्ट्रमन्त्रीद्धारा प्रस्तुत प्रस्ताव अस्वीकृत भएसंगै सरकारले सदनको विश्वास गुमाउन पुग्यो । सत्तारुढ प्रजा परिषद् र जन कांग्रेसका सबै र प्रधानमन्त्रीको दल राष्ट्रिय प्रजा पार्टीका केही सदस्यले समेत सरकारको विरोधमा मतदान गरेका थिए (बस्नेत, २०६६ : ५११) । सल्लाहकार सभालाई सरकार र मन्त्री विरुद्ध अविश्वास प्रस्ताव ल्याउने र पारित गर्ने अधिकार थिएन । संसदीय मूल्य मान्यता र सिद्धान्त अनुसार सदनको विश्वास गुमेसंगै मातृकाप्रसाद कोइराला नेतृत्वको सरकारको वैधानीक आधार समाप्त भैसकेको थियो । सरकार र संसद चल्न नसक्ने अवस्थामा पुगेकाले २०११ माघ १६ गतेदेखि १ महिनाका लागि सल्लाहकार सभाको बैठक स्थगित गरिएको थियो ((गोरखापत्र, २०११ माघ २९ : १) । सदनमा सरकारको प्रस्ताव अस्वीकत भएकाले माघ १७ गते साँझ प्रधानमन्त्रीले सिंहदरवारमा मन्त्रीण्डलको बैठक बोलाई आफूले नैतिकताका आधारमा राजिनामा गर्न लागेको जानकारी गराए । अनी राजकीय परिषद्का अध्यक्ष युवराजाधिराज महेन्द्र समक्ष राजिनामा पत्र बुझाए । ति दिन स्वास्थ्य उपचारका क्रममा राजा त्रिभुवन स्वीट्जरल्याण्डमा थिए । प्रधानमन्त्रीको राजिनामा स्वीकृत गर्ने वा नगर्ने बिषयमा निर्णय लिने अधिकार राजकीय परिषद्लाई थिएन । युवराज महेन्द्रले त्यसै दिन राजालाई घटना बारे ब्रिफ गरे पनि त्रिभुवनले तत्काल राजिनामा स्वीकृत नगर्न सल्लाह दिएकाले कोइराला पदमा कायमै रहे ।

आफ्नै पार्टीको कार्यसमिति रहेका पाँच जना सल्लाहकार सभा सदस्यले सरकार विरुद्ध मतदान गरी धोका दिएका कारण उनी हतप्रभ हुनु अस्वभाविक थिएन । सरकार र संसदको नेताका हैसियतमा कार्यसम्पादन गर्न नसक्ने अवस्थामा पुगेका प्रधानमन्त्री कोइराला अर्थमन्त्रीको हैसियतमा आफैले सदनमा पेश गरेको वजेट पारित गराउन सक्ने अवस्थामा थिएनन् । अघिल्लो अधिवेशनमा पेस्की बजेट स्वीकृत गरी सरकारले कात्तिकसम्म खर्च गर्ने अधिकार पाएको थियो । मंसिरयताको खर्च सदनबाट अनुमोदन भएको थिएन । त्यस्तो संकटको अवस्थाबाट गुज्रिरहेका प्रधानमन्त्रीले वि.सं.२०११ मंसिर १८ गते सल्लाहकार सभा विघटन गर्न राजकीय परिषद् समक्ष सिफारिस गरे । यो प्रकरणसंगै राष्ट्रिय प्रजा पार्टी दल चिरा चिरा हुन पुग्यो ।

## त्रिभुवनको मृत्यु र महेन्द्रको गद्दि आरोहण

सल्लाहकार सभाको बैठक जारी रहँदा उपचारका क्रममा स्वीट्जरल्याण्डको नीसमा अस्पतालमा रहेका राजा त्रिभुवनको स्वास्थय अवस्था खराव हुदै गयो । अनी बाबुसंग भेटेर सवै राजकीय अधिकार प्राप्त गरी युवराज महेन्द्र वि.सं.२०११ फागुन ५ का दिन स्वदेश फर्किए (बस्नेत, २०६६ : ५१७) । त्यसपछिका दिनमा वि.सं.२००७ सालपछि मुलुकले प्रारम्भ गर्न खोजेको संवैधानीक राजतन्त्रको यात्राले विश्राम लिने संकतहरु देखा पर्न थाले । पूर्ण राजकीय अधिकार पाएपछि वि.सं.२०११ फागन ७ मा पहिलो पटक मुलुक र जनतालाई संवोधन गर्दै उनले प्रजातन्त्र आएको चार वर्ष पुरा हुँदा देखाउन मिल्ने चार वटा काम नभएको भन्दै आफू संवैधानीक सिमा भित्र नअटाउने संकेत गर्दै भनेका थिए-प्रजातन्त्र बालकै छ भनुँ भने बालकमा हुनै नसक्ने स्वार्थ, लोभ र इष्र्या जस्ता गुणहरु यसमा देखिन्छ । हुर्कियो भनुँ भने दुर्भाग्यपूर्व भन्नुपर्छ फष्टाएको कही कतै देखिदैन (बस्नेत, २०६६ : ५१७) । पिता त्रिभुवनको कार्यशैली प्रति असन्तुष्ट रहदै आएका युवराज महेन्द्रले शक्ति हातमा पर्ना साथ शक्ति दरवारमा केन्द्रीत गर्दै राजतन्त्रलाई वनाउने

अभियान आरम्भ गरिसकेका थिए । थापा (२०७९) का अनुसार-२०११ फागुन ८ गते उनले सम्पूर्ण शाही अधिकार प्रयोग गर्ने घोषणा गर्दै राजकीय परिषद् भंग गरे । भ्रष्टाचार निवारण अफिस, लोकसेवा आयोग, राष्ट्रिय गुप्तचर विभाग लगायत महत्वपूर्ण निकाय आफू मातहतमा राख्ने घोषणा गरे (पृ. १०१) । त्यसको ११ दिनपछि फागुन १९ गते दरवारका एक घोडचढी रिसल्लाले सिंहदरवारमा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई पूर्व सूचना विनै पदच्युत गरिदिए (शाह, २०११ फागुन १९) । हठात आफ्नो सरकार विघटनको खवर पाएपछि प्रधानमन्त्रीले त्यसको जानाकारी मन्त्रीहरुलाई गराए । अनी सिंहदरवार स्थित प्रधानमन्त्री कार्यालयबाट निवास फर्किए । बस्नेत (२०६६) लेख्छन्-

> प्रधानमन्त्री निवासमा पुग्दा सुरक्षाकर्मीहरु फर्किनका लागि गुण्टा व्यस्त रहेको, निवासको फोन, विजुली मात्र होइन, पानीको आपूर्ती वन्द गरिएको अवस्था थियो । मन्त्रीमण्डल विघटनको घोषणा भएको एक घण्टा भित्र मुलुकको प्रधानमन्त्री माथि यो तहको अपमान हुनुले युवराज महेन्द्र कस्तो शासन पद्धती र संस्कारको विकास गर्न चाहन्थे भन्ने देखिन्छ । (पृ. ५१९)

रेडियो नेपाल मार्फत शाही घोषणा गर्दै युवराज महेन्द्रले मन्त्रीमण्डल भंग गरी प्रत्यक्ष शासन गर्ने घोषणा गरे (शाह, २०११ फागुन १९) । वि.सं.२०११ चैत्र २ गते राजा त्रिभुवनको निधन भएपछि राजा बनेको महेन्द्रले वि.सं.२०१२ साल वैशाख १ गते सरदार गुञ्जमान सिंह, लेफ्टिनेन्ट जनरल आनन्दशमशेर जबरा, गुरुजी भोगेन्द्रराज, पुरेन्द्रविक्रम शाह र अनिरुद्र सिंह रहेको पाँच सदस्यीय शाही सल्लाहकार सभा गठन गरे । राजाका सल्लाहकारहरु राणाकालमा पोषित व्यक्तिहरु नै थिए । प्रत्यक्ष शासन शुरु गरेको केही समयपछि वि.सं.२०१२ जेठ २७ गतेका दिन राजाले शाही घोषणा मार्फत सल्लाहकार सभा विघटन गरिदिए (गोरखापत्र, २०१२ जेठ ३० : १) ।

## निष्कर्ष

राणा शासनको अन्त्यपछि दुई वर्ष भित्र संविधानसभा निर्वाचन गरी मुलुकको राजनीतिक मार्गचित्र तय गर्ने सहमति भएको थियो । संविधानसभाको निर्वाचन नहुँदासम्म राजा र सरकारलाई सल्लाह दिने उद्देश्यले गठन गरिएको सल्लाहकारसभालाई मित्र राष्ट्रहरुसँगको सम्बन्ध, राजा र राजपरिवारका सदस्यहरुको आचरण, साधारण जनजीवनलाई प्रष्ट पार्न नहुने सरकारी गोप्य कुराहरु र मन्त्रीमण्डल र यसका कुनै मन्त्रीमाथि अविश्वासको प्रस्ताव राख्ने बिषयमा स्वतन्त्र रुपले विचार राख्ने र छलफल गर्न पाउने बाहेकका विधायकी अधिकार दिइएको थियो । जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसद्का सिमित अधिकार भए पनि पहिलो सल्लाहकारसभालाई सरकारले विजनेश दिन नसकेका कारण काम गर्न नपाएरै विघटन भएको सन्दर्भमा दोस्रो सल्लाहकारसभाले नेपालमा संसदीय परम्पराको जग बसाउन महत्वपूर्ण योगदान पुऱ्यायो । देश र जनताका मुख्य मुद्धामा छलफल र बहस गर्ने, कानून बनाउने, सरकार गठन गर्ने र सरकारलाई नियन्त्रण गर्ने, बजेट र करका दायरा स्वीकृत गर्ने काम त्यो सभाबाट भएको थियोल। राजाले प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको नेपाल प्रजा पार्टीबाट बहुमत सदस्य मनोनयन गरेका भएपनि राजा त्रिभुवनको मृत्युपछि उनका उत्तराधिकारी युराज महेन्द्रले सल्लाहकारसभालाई आफू अनुकुल उपयोग गर्न खोजे । सल्लाहकारसभा भित्र द्वन्द्ध सिर्जना गरी अपमानजनक रुपमा प्रधानमन्त्रीलाई

सत्ताच्युत गरे । यति हुँदाहुँदै पनि नेपालमा वेष्टमिनिष्टर (बेलायत) शैलीको संसदीय अभ्यास र परम्पराको बलियो जग स्थापित गर्न दोस्रो सल्लाहकारसभाको ठूलो योगदान रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


गुरुङ, परशुराम मेघी (२०७८). *नेपाली विधायिकी अभ्यास : गणराज्यदेखि गणतन्त्रम्म.* काठमाडौं : संघीय संसद सचिवालय ।

गोरखापत्र, २००८ असोज १७ ।

गोरखापत्र, २००९ भदौ ३१ ।

गोरखापत्र, २०११ वैशाख ३०, पृ. १, भाग ५५, संख्या १३ ।

गोरखापत्र, २०११ जेठ १८, पृ. १, भाग ५५, संख्या २१ ।

गोरखापत्र, २०११ जेठ २० पृ.१, भाग ५५, संख्या २२ ।

गोरखापत्र, २०११ जेठ २७, पृ. १, भाग ५५, संख्या २५ ।

गोरखापत्र, २०११ असार ४, पृ. १, भाग ५५, संख्या २९ ।

गोरखापत्र, २०११ श्रावण ११ पृ. १ ।

गोरखापत्र, २०११ श्रावण २२, पृ. १, भाग ५५, संख्या ४८ ।

गोरखापत्र, २०११ मंसिर ४, पृ. १, भाग ५५, संख्या ८६ ।

गोरखापत्र, २०११ माघ २९, पृ. १ ।

गोरखापत्र, २०१२ जेठ ३०, पृ. १ ।

गौतम, राजेश. (२०६६). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस-भाग २.* काठमाडौं : कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

जोशी, भूवनलाल र रोज, लियो इ. (सन् २००४). *डेमेक्रेटिक इनोभेसन्स् इन नेपाल : ए केस स्टडी अफ पोलेटिकल एक्चुरेशमन.* युनिभर्सिटी अफ क्यालिफोनिया प्रेस ।

थापा, सूर्यबहादुर (२०७९). *मेरा नौ दशक.* काठमाडौं : बुकहिल पब्लिकेसन प्रा.लि. ।

देवकोटा, गृष्मबहादुर (२०१६). नेपालको राजनीतिक दर्पण, भाग १. काठमाडौं : केशवचन्द्र गौतम ।

नेपाल अन्तरिम शासन विधान २००७. (सन् २०१८). नेपाल कानून आयोग ।

नेपाल गजेट. (२००९ असोज २१). खण्ड २, संख्या ८ ।

नेपाल पुकार. (२०११ जेठ २४). वर्ष ७, अंक ८ ।

नेपाल पुकार. (२०११ श्रावण १०). वर्ष ७, अंक १४ ।

नेपाल पुकार. (२०११ श्रावण २८). वर्ष ७, अंक १६ ।

बस्नेत, पुरुषोत्तम (२०६६). *नेपाली कांग्रेसको इतिहासको प्रारुप-भाग १.* काठमाडौं : पुरुषोत्तम बस्नेत ।

राष्ट्रवाणी. (२०११ माघ १४). वर्ष १, संख्या ३५ ।

शर्मा, ढुण्डिराज (२०१६). *पार्लियामेन्ट र सल्लाहकार सभा.* काठमाडौं : नेपाल एकेडेमी ।

शाह, महेन्द्र वीरविक्रम (२०११ फागुन १९). शाही घोषणा.काठमाडौं : नारायणहिटी राजदरवार ।

शाह, महेन्द्र वीरविक्रम (२०११ फागुन १९). *प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई लेखेको पत्र ।*